(दफा १८ को उपदफा (६) सँग सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

सहायक-रजिष्ट्रार

# जागरण सञ्चार नेपाल प्राइभेट लिमिटेड
# Jagaran Sanchar Nepal Private Limited
## प्रवन्धपत्र

१. **कम्पनीको नाम:** यस कम्पनीको नाम **जागरण सञ्चार नेपाल प्राइभेट** लिमिटेड हुनेछ । जसलाई अंग्रेजिमा Jagaran Sanchar Nepal Private Limited हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना** : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३५ मा रहनेछ । कार्यालयको स्वीकृति लिई कम्पनीले आवश्यकता अनुसार रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र शाखा कार्यालयहरु खोल्न सक्नेछ ।

३. **परिभाषा** : नियमावलिको नियम ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

४ **कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृति** : कम्पनीले गर्ने व्यवसाय वा कारोवार उत्पादनमूलक, व्यापारमूलक, सेवामूलक हुने छ ।

५ **कम्पनीको उद्देश्य:** (१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) टेलिभिजन ,रेडियो, पत्रपत्रिका,अनलाईन, गुगल, युट्युव सञ्चालन एंव प्रकाशन गर्ने गराउने ।

(ख) रेडियो , टेलिभिजन, एफएममा प्रशारण हुने सिपमुलक , ज्ञानमूलक, मनोरञ्जनात्मक कार्यक्रमहरु उत्पादन गरी प्रचार प्रसार बिक्रि बितरण गर्ने गराउने ।

(ग) आरजे, भिजे, एमसी, साहित्यकला, अभिनयकला, संगित , नृत्य, मोडलिङ, फेसन सो र उदघोषण सम्बन्धि सम्पूर्ण तालिम दिई दक्ष जनशक्ति उत्पादन गरि राष्ट्रको चौतर्फी विकासमा सेवा पुऱ्याउने कार्य गर्ने गराउने ।

(घ) विभिन्न देशमा गई नेपाली, हिन्दि, अङ्ग्रेजी भाषामा अन्तरक्रियात्मक कार्यक्रम तथा भाषिक प्रशिक्षण लिने दिने कार्य गर्ने गराउने ।

(ङ) टेलि चलचित्र, वृत्तचित्र, भिडिया चलचित्र, कथानक चलचित्र आदि उत्पादन/ निर्माण गरि प्रसारण तथा विक्रि वितरण गर्ने गराउने ।

(च) राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा विभिन्न सांगितिक कार्यक्रम गर्ने गराउने ।

(छ) नेपाल सरकार तथा दातृ निकायहरु संग सहकार्य एंव समन्वय गरी पत्रकारीता तथा कलाकारिता क्षेत्रमा विकास गर्ने गराउने ।

(ज) विभिन्न कम्पनी संघसंस्था, सरकारी तथा गैर सरकारीहरुको अनलाईन वेभसाईट निर्माण, अनलाइन भुक्तानी, लगायत विभिन्न डकुमेन्ट निर्माण कार्य गर्ने गराउने ।

(झ) विभिन्न सञ्चार सम्बन्धि टेलिफोन, साईबर नेटवर्किङ, पिसिओ सञ्चालन गर्ने गराउने ।

(ञ) विभिन्न विषयमा अन्तराष्ट्रिय भाषा प्रशिक्षण सञ्चालन गर्ने गराउने ।

(ट) रेडियो ,टेलिभिजन ,कम्प्युटर , ल्यापटफ, मिक्सचर, डिजे, क्यामरा , लाईट मेसिन लगायत टेक्निसियन प्रशिक्षण सञ्चालन गर्ने गराउने ।

(ठ) बिभिन्न टेलिभिजन, रेडियो, पत्रिका लगायत सञ्चार हाउस सँग समन्वय एवं सहकार्यगरी ट्रेनिङ सेन्टरहरु सञ्चालन गर्ने गराउने ।

(ड) गित, संगित, नृत्य, अभिनय, सम्बन्धि ट्रेनिङ सेन्टरहरु सञ्चालन गर्ने गराउने ।

(ढ) नेपाल अधिराज्य भरी सरकारी तथा गैरसरकारी संघ सस्था र निकायहरु सँग सहकार्य एवं समन्वय गरी जनचेतना मुलक कार्यक्रम तथा प्रशिक्षणहरु सञ्चालन गर्ने गराउने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्न पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको ... दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

६. **कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरु:** यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछ :-

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने,

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने

(ङ) कम्पनीको नामबाट शेयर तथा डिबेन्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

(च) कम्पनीलाई आवश्यक पर्ने सामग्रीहरु राष्ट्रिय तथा अन्तरराष्ट्रिय रुपबाट ल्याउने ।

७. **कम्पनीको पूँजीको संरचना :** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :-

(क) कम्पनीको अधिकृत पूँजी रु.५००००० /- (पाँच लाख मात्र ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका ५००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको तत्काल जारी गर्ने पूँजी रु. ५०००००/- (पाँच लाख ) हुनेछ ।

८. **शेयर वापतको रकमको भुक्तानी :** (१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

९. **दायित्व सीमित हुने :** यस कम्पनीको कारोवारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ ।

तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेस्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

१०. **अन्य आवश्यक कुराहरु :**

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्ने छ ।

(२) संस्थापकले नगद बाहेक कुनै किसिमको अचल सम्पत्तिबाट कम्पनीको शेयर खरिद गर्न वा शेयरमा हक पाउन सक्ने छ।

नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

(३) कम्पनीले कारोबार शुरु गर्दाको बखतमा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कुनै किसिमसँग कुनै सम्पत्ति प्राप्त गर्ने छैन ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने कुरा कम्पनीको शेयरधनिले निर्णय गरे बमोजिम हुनेछ ।

(५) कम्पनीको शेयर विक्री वा हस्तान्तरणमा कुनै पनि बन्देज रहेने छैन ।

११. **कम्पनीको ऐन र यस प्रबन्धपत्र उल्लेख भए बाहेकका अन्य कुनै व्यवस्था** नभएको ।

१२. **यस कम्पनिको छुट्टै नियमावलि पेश गरिने छ ।**

१५. **प्रबन्धपत्रमा संशोधन भएमा लागू हुने अवस्था :** यस प्रबन्धपत्रमा कुनै संशोधन गर्नु पर्ने भएमा शेयरधनिले निर्णय गरी सो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ ।

१६. **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुने :** यस प्रबन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

१७. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषण :** म जागरण सञ्चार नेपाल प्रा.लि. का संस्थापकले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेको छु । यो प्रबन्धपत्रमा उल्लेखित नाम, ठेगाना, हस्ताक्षर, मैले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न म तयार छु ॥ यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहिछाप गरेकोछु ।

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/पतिको नाम | नागरिकता प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| दस्ताखत<br>नाम : केशर कुमार कालिकोटे ठेगाना रामेछाप जिल्ला भुजि गा.वि.स.,वडा नं. ०६ | चन्द्र बहादुर कालिकोटे | ६६९५ जिल्ला प्रशासन कार्यालय रामेछाप | ५,००० कित्ता | दस्ताखत<br>नाम : मदन कुमार कालिकोटे, ठेगाना: रामेछाप जिल्ला भुजि गा.वि.स.,वडा नं. ०६<br>दा. बा. | ६६९६ जिल्ला प्रशासन कार्यालय रामेछाप |

इति संवत् २०७२ साल पौष महिना ३० गते रोज ५ शुभम्

मस्यौदाकार -
नाम - केशर कुमार कालिकोटे
ना.प्र.प्र.नं. - ६६९५ जि. प्र. का. रामेछाप
ठेगाना - भुजि - ६ , रामेछाप

नेपाल सरकार उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

८५११२६

सहायक-रजिष्ट्रार